# आवेदन निर्देशिका

## 'इन आवर ह्यान्ड्स' के हो?

इन आवर ह्यान्ड्स आइओएच) युवा उद्यमीहरूका लागि अनुसन्धान र विकास अनुदान कार्यक्रम हो। आइओएच ८ महिनाको अवधिमा संचालन गरिने गतिविधिहरूको श्रृङ्खला हो, यी अर्ध-भर्चुअल हुनेछन् र काठमाडौं विश्वविद्यालयको स्कूल अफ आर्ट्स र स्कूल अफ इन्जिनियरिङ , नेपाल आर्ट भिलेज , स्टोरी साइक, एप्लाइड आर्ट्स स्कटल्याण्ड र एडिनबर्ग नेपियर विश्वविद्यालय लगायतका साझेदारहरूद्वारा सहजीकरण गरिनेछन्। यसलाई राष्ट्रिय आविष्कार केन्द्रको पनि सहयोग छ ।

## के के गतिविधिहरू हुनेछन्?

आइओएच एक बहु-आयामिक कार्यक्रम हो। यसले युवा उद्यमीहरूलाई प्रशिक्षण (कक्षा/प्रस्तुतिहरू), अनुदान, सल्लाह र कार्यक्रमहरूद्वारा सहयोग गर्ने गर्छ। धेरै भन्दा धेरै सहभागिता र अन्तरक्रिया होस् भन्ने हेतुले गतिविधिहरू मिश्रित तरीकाले (डिजिटल र भौतिक) संचालन गरिनेछन्।

प्रमाणीकरण र क्रेडिटका लागि कक्षा घण्टा, निर्देशित सिकाई, असाइनमेन्ट, अनुसन्धान, र प्रस्तुतीकरणहरूको सही सन्तुलन होस् भनेर आइओएचको निर्माण काठमाण्डौ विश्वविद्यालयसँग मिलेर गरिएको हो।

## क्रिएटिभ ग्रीन इकोनोमी भनेको के हो?

क्रिएटिभ ग्रीन इकोनोमी, कम कार्बन उत्सर्जन गर्ने खालको उद्योग हो जुन सांस्कृतिक र रचनात्मक उद्योगहरूमा केन्द्रित हुन्छ। यसले नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदाबाट प्ररित भएर मानव जीवन, स्थान, ग्रहमा पर्ने प्रभावद्वारा निर्देशित हुँदाहुँदै पनि बजारको दिगोपना र बृद्धिको लक्ष्य राख्ने व्यवसायिक अवसरहरूका बारेमा विचार गर्छ। इन आवर ह्यान्ड्सले युवा उद्यमशीलतालाई उपयुक्त स्रोत र सीप प्रदान गर्न सके नेपालको हरित रुपान्तरण र देशको आर्थिक विकासमा समावेशीकरणका चुनौतीहरू सामना गर्न मद्दत पुग्ने विश्वास राख्छ।

## पाठ्यक्रम र योजना कस्तो छ?

आइओएच तीन अन्तरसम्बन्धित चरणहरूमा संचालन गरिन्छ।

पहिलो चरणमा, चयन गरिएका सहभागीहरूले नि:शुल्क क्राफ्ट टुलकिट खाताको लागि दर्ता गर्नुपर्ने हुन्छ। अक्टोबरको अन्त्यसम्ममा, सहभागीहरूले टुलकिटको प्रयोग गरी क्विन्टुपल बटमलाइन Quintuple

Bottomline अर्थात पाँचवटा प्राथमिकताहरू (मानिस, ग्रह, लाभ, स्थान, उद्देश्य) माथि आफ्नो व्यापारको प्रभावको मुल्याङ्कन गर्दै व्यापार योजनाको मस्यौदा तयार गर्नेछन्। उनीहरूले वैकल्पिक आर्थिक मोडेलहरू र रचनात्मकता र नवीनता मार्फत विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्ने विचारहरू सम्बन्धि कक्षा र प्रस्तुतीकरणहरू सहित धैरै सत्रहरूमा पनि सामेल हुनेछन्। यस चरणमा समूहिक मार्गदर्शन सत्रहरू प्रदान गरिनेछ। यस चरणको अन्तिम गतिविधिका रुपमा सहभागीहरुले १० वटा अनुसन्धान अनुदान भित्र पर्न र दोस्रो चरणमा सहभागि हुन छानिन आफ्नो व्यापार योजना बुझाउनु पर्ने हुन्छ।

दोस्रो चरण अनुसन्धान र रचनात्मक अर्थतन्त्रमा व्यापारका नतीजालाई प्रभाव पार्ने बाहय सन्दर्भहरू बुझ्नमा केन्द्रित रहने छ। दस जना अनुसन्धान अनुदान विजयीहरूलाई व्यक्तिगत मार्गनिर्देशन प्रदान गरिनेछ र उनीहरूको व्यवसायिक लक्ष्यका लागि आवश्यक प्रमाण र अन्तर्दृष्टिहरूको विकास गर्नका लागि उनीहरुको क्षमताहरूको थप विकास गरिनेछ। ललितपुरमा संचालन गरिने (भौतिक रूपमा उपस्थित हुनुपर्ने) आवासीय कार्यशाला यस चरणपछि समाप्त हुनेछ। यहाँ विकास अनुदान प्राप्त गर्ने हेतुले अनुसन्धान निष्कर्षहरू र परिमार्जन गरिएको व्यापार योजना सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको टोली समक्ष प्रस्तुत गरिनेछ।

विकास अनुदान प्राप्तकर्ताहरूले तेस्रो चरणमा आफ्ना विचारहरूको नमुना बनाउने, आफ्नो ब्रान्ड, दर्शक र बजारहरूलाई राम्ररी बुझ्ने र बजारमा प्रवेश गर्ने, अनुकूलन गर्ने र बजार विस्तार गर्ने रणनीतिहरू विकास गर्ने कामहरु गर्नेछन्। अनुदान विजेताहरूले आफ्ना नतिजाहरू सम्बन्धित क्षेत्रका विशेषज्ञ, सरोकारवालाहरू र जनता सामु प्रस्तुत गरेर समाप्त हुन्छ यो अन्तिम चरण समाप्त हुनेछ ।

## सिकाइको भाषामा कुन हुन्छ ?

नेपाल र बेलायतका हाम्रा विज्ञहरूले आफ्नो समयमा अंग्रेजी र नेपाली दुवै भाषा प्रयोग गर्नेछन्। क्राफ्ट टुलकिट नेपालीमा पनि उपलब्ध छ।

## किन अनुसन्धान र विकास अनुदान?

प्राकृतिक/सांस्कृतिक सम्पदालाई व्यवसायिक रूपमा उपयोग गर्ने सीमित ठाउँहरू भएता पनि त्यसको बजार बढिरहेको छ (हस्तकला र सम्बन्धित क्षेत्रहरू नेपालको चौथो ठूला बजार हुन्*)। त्यसमाथि, वास्तुकला, फेसन र डिजाइन जस्ता क्षेत्रहरूको विश्वव्यापी उत्सर्जनसँग अझ जटिल सम्बन्ध छ र यी क्षेत्रले नेपालको हरित अर्थतन्त्र रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

हाम्रो विश्वव्यापी कला कार्यक्रम 'कल्चर रेस्पोन्ड्स' मार्फत, ब्रिटिस काउन्सिलले नेपालको सांस्कृतिक र प्राकृतिक सम्पदाको समृद्धिको अन्वेषण गर्न यी आवश्यक ठाउँहरू र मञ्चहरू सिर्जना गर्ने लक्ष्य राखेको छ। अनुदान कार्यक्रम मार्फत हामी जीवनमा नवीन र रचनात्मक विचारहरू ल्याउन प्रशिक्षण, सल्लाह र संसाधन प्रदान गर्छौं ।

हाम्रो अनुदानहरूले युवाहरूलाई अवधारणाहरू खोज्न र अभिव्यक्त गर्न, उनीहरूका अपधारणालाई थप अनुसन्धान गर्न र परिष्कृत गर्न र तिनलाई अझ दिगो र प्रभावकारी बजार समाधानहरूका रुपमा विकास गर्न मद्दत गर्छन्।

हामी २०२३ मा योग्य उम्मेदवारहरूलाई तोकिएको चयन समिति सामु आफ्ना विचारहरु सफलतापूर्वक प्रस्तुत गरेपछि १० वटा अनुसन्धान अनुदानहरु र ६ वटा विकास अनुदानहरू प्रदान गर्दैछौं। अनुदान विजेताहरू उनीहरूको आवश्यकतासँग सम्बन्धित विशेषज्ञहरूसँगको समर्पित सत्रहरूबाट पनि लाभान्वित हुनेछन्।

अन्तमा, अनुदान विजेताहरूले आफ्ना नतिजाहरु प्रदर्शन गर्ने अवसरहरू पाउनेछन्। हामीले नेपालमा समावेशी र दिगो विकासका लागि रचनात्मक वृत्तका समाधानहरूको बारेमा वृहत र नीति-स्तरको संलग्नतालाई प्रवर्द्धन गर्न सन् २०२४ को शुरुदेखि मध्यसम्म क्षेत्र-विशेष र सरोकारवाला-केन्द्रित कार्यक्रमहरू आयोजना गर्ने लक्ष्य राखेका छौं।

## के मैले अरु चरणहरूमा भाग लिन अनुदान प्राप्त गर्न आवश्यक छ?

छैन, तपाईंले अनुदान प्राप्त नगरे पनि कार्यक्रममा आफ्नो सहभागिता जारी राख्न सक्नुहुन्छ। अनुदान, बजार उत्पादनहरू विकास गर्न आवश्यक पर्ने सीमित अनुसन्धान र विकास सञ्चालनमा लाग्ने लागतहरू समेट्नका लागि हुन् । अनुदान प्राप्त नगर्ने व्यक्तिहरूले पनि अरु चरणका धेरै गैर-आर्थिक लाभहरुको फाइदा उठाउन सक्नु हुन्छ।

कृपया याद राख्नु होला, अनुदान विजेताहरुका लागि मान्यता (अक्रेडिशन) शुल्क माफ गरिनेछ। हामी इनक्युबेशन अवधि समाप्त भएपछि, अनुदान प्राप्त नगरेका तर अक्रेडिशन चाहने व्यक्तिहरूका लागि क्रेडिट संरचना र शुल्कहरू बारे थप विवरणहरू प्रदान गर्नेछौं।

## क्राफ्ट टूलकिट के हो?

क्राफ्ट टुलकिट, शिल्पकला र निर्माणमा संलग्न पेशेवरहरूप्रति लक्षित, एक अनलाइन व्यापार योजना उपकरण हो । यो थाइल्याण्डमा ब्रिटिश काउन्सिलको क्राफ्टिङ फ्युचर्स कार्यक्रम (२०१८) को एउटा पाटोको रूपमा सिर्जना गरिएको थियो र यो हाल नेपाली लगायत धेरै भाषाहरूमा उपलब्ध छ। ब्रिटिश काउन्सिल र यसका साझेदारहरू उदीयमान व्यवसाय वा व्यवसायीहरूलाई सान्दर्भिक र प्रभावकारी समर्थन प्रदान गर्न डिजिटल संसाधन सुधार्न र टूलकिटलाई अनुकूलन गर्न इन आवर ह्यान्ड्स कार्यक्रम अन्तर्गतको ज्ञान प्रयोग गर्न प्रतिबद्ध छन्।

छनोट गरिएका सहभागीहरूले आइओएच कार्यक्रममा भाग लिन नि:शुल्क क्राफ्ट टुलकिट खाताको लागि दर्ता गर्नुपर्ने हुन्छ। आइओएच कार्यक्रमका लागि हार्डवेयर (फोन, कम्प्युटर) र इन्टरनेट (वा 4G) कनेक्सन आवश्यक हुन्छ।

## संरचित शिक्षामा कस्ता विषयहरू समेटिएका हुन्छन्?

हामी डिजाइन थिङ्किङ्ग (डिजाइनका बारेमा सोच्ने), प्रोटोटाइपिङ (नमुना बनाउने), क्रिएटिभ एड्भोकेसी (रचनात्मक वकालत), पर्पस लेड व्यापार मोडलिङ (उद्देश्य द्वारा निर्देशित व्यापाको नमुना) र अनुसन्धान विषयहरु समेट्ने छौँ। हाम्रा सहजकर्ताहरूले विभिन्न विषयहरू र विचारधाराहरूबाट ल्याइएका विविध परिप्रेक्ष्यहरूबाट एउटा सिङ्गो कथावस्तु तयार गर्नेछन्। सहभागीहरूले नेपाल र बेलायतका स्रोतहरू र सान्दर्भिक

केस स्टडीहरूसँग अन्तरक्रिया गर्ने मौका पाउनेछन्।

## प्रशिक्षक/सहजकर्ता/मार्गनिर्देशकहरू को हुनेछन्?

सत्रहरूको नेतृत्व नेपाल र युकेका साझेदारहरूले गर्नेछन्। सिकाईको प्राथमिक भाषा अंग्रेजी र नेपाली हुन्छन्। सिकाइ अनुभव राम्रो पार्न, यी दुई भाषा मध्ये कुनै एकको तपाईंको प्रवीणता बुझ्न हामीलाई मद्दत गर्न कृपया फारम भर्दा यसको उल्लेख गर्नुहोला।

## मार्ग निर्देशनमा के - के समावेश हुन्छ?

हाम्रो प्रशिक्षण सहभागी व्यक्ति वा टोलीहरूको आवश्यकता अनुसार अघि बढ्छ। हाम्रो निकट र विस्तृत क्षेत्रगत संजालहरूले सहभागीहरूको आवश्यकताहरूको विस्तृत दायरा पूरा गर्न सक्छन्। प्रभावकारी नतिजाका लागि हामी प्रत्यक्ष अनुभव भएका विशेषज्ञलाई सहभागी र अनुदान विजयीहरूसँग जोड्छौं। मार्गनिर्देशनले दुई-तर्फी वार्तालाप मार्फत संरचित शिक्षालाई सघाउँछ जसले सहभागीहरूलाई उनीहरूको व्यक्तिगत आवश्यकताहरू सम्बोधन गर्न मद्दत गर्न सक्छ। दुई प्रकारका प्रशिक्षण विधिहरु समावेश छन्। पहिलोमा एक जना प्रशिक्षक सँग एकजना सहभागी हुनेछन्, जहाँ व्यक्ति/टोलीहरूले आफुले रोजेका सहजकर्ता/साझेदारसँग परामर्श लिन सक्छन्। दोस्रोमा सामूहिक परामर्श शुनेछ, जहाँ धेरै सहभागीहरुका लागि सान्दर्भिक हुने कुनै विशेष र साझा विषय एक जना विशेषज्ञसँग छलफल गर्नका लागि छनोट गरिन्छ। दुवै तरिकामा, सहभागीहरूले एकजना अनुभवी क्षेत्र विशेषज्ञसँग संलग्न रहने अवसर पाउनेछन्।

## चयन गरिएका सहभागीहरूबाट अपेक्षित समय प्रतिबद्धता कस्तो छ ?

सहभागीहरूले कार्यक्रमबाट पूर्ण लाभ उठाउन महिनामा कम्तिमा पाँच वा त्यो भन्दा बढी दिन दिनु पर्ने हुन्छ। हाम्रा सत्रहरू रमाइलो तरिकाले डिजिटल सिकाइहरु सिक्ने हेतुले निर्माण गरिएका छन् र कुनै पेशामा आबद्ध व्यक्तिहरू र/वा विद्यार्थीहरूका लागि बोझिलो महसुस नहुने तरिकाले निर्माण गरिएका छन्। कार्यक्रमको सुरुमा सबै सहभागीहरूलाई सत्रमा मितिहरू बताइनेछ। उनीहरूले आत्म-निर्देशित सिकाइ र असाइनमेन्टहरूको लागि आवश्यक समय पनि छुट्याउनु पर्ने हुन्छ।

## सहभागीहरूले इन आवर ह्यान्ड्सबाट कसरी शैक्षिक क्रेडिटहरू प्राप्त गर्नेछन्?

तपाईंले सत्रहरूमा भाग लिनुभएको छ र प्रत्येक चरण-बद्ध मूल्याङ्कनको लागि राम्रोसँग असाइनमेन्टहरू पूरा गर्नुभएको छ भने तपाईंले पहिलो चरणको अन्त्यमा प्रमाणपत्रको लागि आवेदन दिन सक्नुहुन्छ ; वा दोश्रो चरणको अन्त्यमा ३ क्रेडिटका लागि र कार्यक्रमको अन्त्यमा ६ क्रेडिटका लागि आवेदन दिन सक्नुहुन्छ । शैक्षिक मान्यता काठमाडौं विश्वविद्यालयले प्रदान गर्नेछ।

## कलमा उल्लेख गरिएका अनुदान/शोकेस अवसरहरू के के हुन्?

विकास अनुदानका लागि छनोट गरिएका सहभागीहरूलाई कार्यक्रम मार्फत उनीहरूको उत्पादनलाई बढावा दिन

प्रदर्शनी र अन्य सार्वजनिक संलग्नता कार्यक्रमहरूमा भाग लिने अवसरहरू प्रदान गरिनेछ। यो आफ्नो क्षेत्रका प्रमुख व्यक्तिहरू, पेशेवरहरू र सरोकारवालाहरूसँग भेट्ने र जोडिने अवसर हुनेछ ।

## केइन आवर हयान्ड्स कार्यक्रमका बारेमा आयोजकहरूबाट थप जानकारी पाउनका लागि अरु अवसरहरु छन् ?

छ। हामी शुक्रबार, १ भाद्र (३ :00 - ४ :00 बजे दिउँसो) एउटा अभिमुखीकरण वेबिनार आयोजना गर्दैछौँ।

यो फारम भरेर वेबिनारको लागि दर्ता गर्नुहोस्

आवेदन निर्देशिका

## इन आवर हयान्ड्स के हो?

इन आवर हयान्ड्स आइओएच) युवा उद्यमीहरूका लागि अनुसन्धान र विकास अनुदान कार्यक्रम हो। आइओएच ८ महिनाको अवधिमा संचालन गरिने गतिविधिहरूको श्रृङ्खला हो, यी अर्ध-भर्चुअल हुनेछन् र काठमाडौं विश्वविद्यालयको स्कूल अफ आर्ट्स र स्कूल अफ इन्जिनियरिङ , नेपाल आर्ट भिलेज , स्टोरी साइक, एप्लाइड आर्ट्स स्कटल्याण्ड र एडिनबर्ग नेपियर विश्वविद्यालय लगायतका साझेदारहरूद्वारा सहजीकरण गरिनेछन्। यसलाई राष्ट्रिय आविष्कार केन्द्रको पनि सहयोग छ ।

## के के गतिविधिहरू हुनेछन्?

आइओएच एक बहु-आयामिक कार्यक्रम हो। यसले युवा उद्यमीहरूलाई प्रशिक्षण (कक्षा/प्रस्तुतिहरू), अनुदान, सल्लाह र कार्यक्रमहरूद्वारा सहयोग गर्ने गर्छ। धेरै भन्दा धेरै सहभागिता र अन्तरक्रिया होस् भन्ने हेतुले गतिविधिहरू मिश्रित तरीकाले (डिजिटल र भौतिक) संचालन गरिनेछन्।

प्रमाणीकरण र क्रेडिटका लागि कक्षा घण्टा, निर्देशित सिकाई, असाइनमेन्ट, अनुसन्धान, र प्रस्तुतीकरणहरूको सही सन्तुलन होस् भनेर आइओएचको निर्माण काठमाण्डौ विश्वविद्यालयसँग मिलेर गरिएको हो।

## क्रिएटिभ ग्रीन इकोनोमी भनेको के हो?

क्रिएटिभ ग्रीन इकोनोमी, कम कार्बन उत्सर्जन गर्ने खालको उद्योग हो जुन सांस्कृतिक र रचनात्मक उद्योगहरूमा केन्द्रित हुन्छ। यसले नेपालको प्राकृतिक र सांस्कृतिक सम्पदाबाट प्ररित भएर मानव जीवन, स्थान, ग्रहमा पर्ने प्रभावद्वारा

निर्देशित हुँदाहुँदै पनि बजारको दिगोपना र बृद्धिको लक्ष्य राख्ने व्यवसायिक अवसरहरूका बारेमा विचार गर्छ। इन आवर ह्यान्ड्सले युवा उद्यमशीलतालाई उपयुक्त स्रोत र सीप प्रदान गर्न सके नेपालको हरित रुपान्तरण र देशको आर्थिक विकासमा समावेशीकरणका चुनौतीहरू सामना गर्न मद्दत पुग्ने विश्वास राख्छ।

## पाठ्यक्रम र योजना कस्तो छ?

आइओएच तीन अन्तरसम्बन्धित चरणहरूमा संचालन गरिन्छ।

पहिलो चरणमा, चयन गरिएका सहभागीहरूले नि:शुल्क क्राफ्ट टुलकिट खाताको लागि दर्ता गर्नुपर्ने हुन्छ। अक्टोबरको अन्त्यसम्ममा, सहभागीहरूले टुलकिटको प्रयोग गरी क्विन्टुपल बटमलाइन Quintuple Bottomline अर्थात पाँचवटा प्राथमिकताहरू (मानिस, ग्रह, लाभ, स्थान, उद्देश्य) माथि आफ्नो व्यापारको प्रभावको मुल्याङ्कन गर्दै व्यापार योजनाको मस्यौदा तयार गर्नेछन्। उनीहरूले वैकल्पिक आर्थिक मोडेलहरू र रचनात्मकता र नवीनता मार्फत विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्ने विचारहरू सम्बन्धि कक्षा र प्रस्तुतीकरणहरू सहित धैरै सत्रहरूमा पनि सामेल हुनेछन्। यस चरणमा समूहिक मार्गदर्शन सत्रहरू प्रदान गरिनेछ। यस चरणको अन्तिम गतिविधिका रुपमा सहभागीहरुले १० वटा अनुसन्धान अनुदान भित्र पर्न र दोस्रो चरणमा सहभागि हुन छानिन आफ्नो व्यापार योजना बुझाउनु पर्ने हुन्छ।

दोस्रो चरण अनुसन्धान र रचनात्मक अर्थतन्त्रमा व्यापारका नतीजालाई प्रभाव पार्ने बाह्य सन्दर्भहरू बुझ्नमा केन्द्रित रहने छ। दस जना अनुसन्धान अनुदान विजयीहरूलाई व्यक्तिगत मार्गनिर्देशन प्रदान गरिनेछ र उनीहरूको व्यवसायिक लक्ष्यका लागि आवश्यक प्रमाण र अन्तर्दृष्टिहरूको विकास गर्नका लागि उनीहरुको क्षमताहरूको थप विकास गरिनेछ। ललितपुरमा संचालन गरिने (भौतिक रूपमा उपस्थित हुनुपर्ने) आवासीय कार्यशाला यस चरणपछि समाप्त हुनेछ। यहाँ विकास अनुदान प्राप्त गर्ने हेतुले अनुसन्धान निष्कर्षहरू र परिमार्जन गरिएको व्यापार योजना सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको टोली समक्ष प्रस्तुत गरिनेछ।

विकास अनुदान प्राप्तकर्ताहरूले तेस्रो चरणमा आफ्ना विचारहरूको नमुना बनाउने, आफ्नो ब्रान्ड, दर्शक र बजारहरूलाई राम्ररी बुझ्ने र बजारमा प्रवेश गर्ने, अनुकूलन गर्ने र बजार विस्तार गर्ने रणनीतिहरू विकास गर्ने कामहरु गर्नेछन्। अनुदान विजेताहरूले आफ्ना नतिजाहरू सम्बन्धित क्षेत्रका विशेषज्ञ, सरोकारवालाहरू र जनता सामु प्रस्तुत गरेर समाप्त हुन्छ यो अन्तिम चरण समाप्त हुनेछ ।

## सिकाइको भाषामा कुन हुन्छ ?

नेपाल र बेलायतका हाम्रा विज्ञहरूले आफ्नो समयमा अंग्रेजी र नेपाली दुवै भाषा प्रयोग गर्नेछन्। क्राफ्ट टुलकिट नेपालीमा पनि उपलब्ध छ।

## किन अनुसन्धान र विकास अनुदान?

प्राकृतिक/सांस्कृतिक सम्पदालाई व्यवसायिक रूपमा उपयोग गर्ने सीमित ठाउँहरू भएता पनि त्यसको बजार बढिरहेको छ (हस्तकला र सम्बन्धित क्षेत्रहरू नेपालको चौथो ठूला बजार हुन्*)। त्यसमाथि, वास्तुकला, फेसन र

डिजाइन जस्ता क्षेत्रहरूको विश्वव्यापी उत्सर्जनसँग अझ जटिल सम्बन्ध छ र यी क्षेत्रले नेपालको हरित अर्थतन्त्र रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

हाम्रो विश्वव्यापी कला कार्यक्रम 'कल्चर रेस्पोन्ड्स' मार्फत, ब्रिटिस काउन्सिलले नेपालको सांस्कृतिक र प्राकृतिक सम्पदाको समृद्धिको अन्वेषण गर्न यी आवश्यक ठाउँहरू र मञ्चहरू सिर्जना गर्ने लक्ष्य राखेको छ। अनुदान कार्यक्रम मार्फत हामी जीवनमा नवीन र रचनात्मक विचारहरू ल्याउन प्रशिक्षण, सल्लाह र संसाधन प्रदान गर्छौं ।

हाम्रो अनुदानहरूले युवाहरूलाई अवधारणाहरू खोज्न र अभिव्यक्त गर्न, उनीहरूका अपधारणालाई थप अनुसन्धान गर्न र परिष्कृत गर्न र तिनलाई अझ दिगो र प्रभावकारी बजार समाधानहरूका रुपमा विकास गर्न मद्दत गर्छन्।

हामी २०२३ मा योग्य उम्मेदवारहरूलाई तोकिएको चयन समिति सामु आफ्ना विचारहरु सफलतापूर्वक प्रस्तुत गरेपछि १० वटा अनुसन्धान अनुदानहरु र ६ वटा विकास अनुदानहरू प्रदान गर्दैछौं। अनुदान विजेताहरू उनीहरूको आवश्यकतासँग सम्बन्धित विशेषज्ञहरूसँगको समर्पित सत्रहरूबाट पनि लाभान्वित हुनेछन्।

अन्तमा, अनुदान विजेताहरूले आफ्ना नतिजाहरु प्रदर्शन गर्ने अवसरहरू पाउनेछन्। हामीले नेपालमा समावेशी र दिगो विकासका लागि रचनात्मक वृत्तका समाधानहरूको बारेमा वृहत र नीति-स्तरको संलग्नतालाई प्रवर्द्धन गर्न सन् २०२४ को शुरुदेखि मध्यसम्म क्षेत्र-विशेष र सरोकारवाला-केन्द्रित कार्यक्रमहरू आयोजना गर्ने लक्ष्य राखेका छौं।

## के मैले अरु चरणहरूमा भाग लिन अनुदान प्राप्त गर्न आवश्यक छ?

छैन, तपाईंले अनुदान प्राप्त नगरे पनि कार्यक्रममा आफ्नो सहभागिता जारी राख्न सक्नुहुन्छ। अनुदान, बजार उत्पादनहरू विकास गर्न आवश्यक पर्ने सीमित अनुसन्धान र विकास सञ्चालनमा लाग्ने लागतहरू समेट्नका लागि हुन् । अनुदान प्राप्त नगर्ने व्यक्तिहरूले पनि अरु चरणका धेरै गैर-आर्थिक लाभहरुको फाइदा उठाउन सक्नु हुन्छ।

कृपया याद राख्नु होला, अनुदान विजेताहरुका लागि मान्यता (अक्रेडिशन) शुल्क माफ गरिनेछ। हामी इनक्युबेशन अवधि समाप्त भएपछि, अनुदान प्राप्त नगरेका तर अक्रेडिशन चाहने व्यक्तिहरूका लागि क्रेडिट संरचना र शुल्कहरू बारे थप विवरणहरू प्रदान गर्नेछौं।

## क्राफ्ट टूलकिट के हो?

क्राफ्ट टुलकिट, शिल्पकला र निर्माणमा संलग्न पेशेवरहरूप्रति लक्षित, एक अनलाइन व्यापार योजना उपकरण हो । यो थाइल्याण्डमा ब्रिटिश काउन्सिलको क्राफ्टिङ फ्युचर्स कार्यक्रम (२०१८) को एउटा पाटोको रूपमा सिर्जना गरिएको थियो र यो हाल नेपाली लगायत धेरै भाषाहरूमा उपलब्ध छ। ब्रिटिश काउन्सिल र यसका साझेदारहरू उदीयमान व्यवसाय वा व्यवसायीहरूलाई सान्दर्भिक र प्रभावकारी समर्थन प्रदान गर्न डिजिटल संसाधन सुधार्न र टूलकिटलाई अनुकूलन गर्न इन आवर हयान्ड्स कार्यक्रम अन्तर्गतको ज्ञान प्रयोग गर्न प्रतिबद्ध छन्।

छनोट गरिएका सहभागीहरूले आइओएच कार्यक्रममा भाग लिन नि:शुल्क क्राफ्ट टुलकिट खाताको लागि दर्ता गर्नुपर्ने हुन्छ। आइओएच कार्यक्रमका लागि हार्डवेयर (फोन, कम्प्युटर) र इन्टरनेट (वा 4G) कनेक्सन आवश्यक हुन्छ।

## संरचित शिक्षामा कस्ता विषयहरू समेटिएका हुन्छन्?

हामी डिजाइन थिङ्किङ्ग (डिजाइनका बारेमा सोच्ने), प्रोटोटाइपिङ (नमुना बनाउने), क्रिएटिभ एड्भोकेसी (रचनात्मक वकालत), पर्पस लेड व्यापार मोडलिङ (उद्देश्य द्वारा निर्देशित व्यापाको नमुना) र अनुसन्धान विषयहरु समेट्ने छौँ। हाम्रा सहजकर्ताहरूले विभिन्न विषयहरू र विचारधाराहरूबाट ल्याइएका विविध परिप्रेक्ष्यहरूबाट एउटा सिङ्गो कथावस्तु तयार गर्नेछन्। सहभागीहरूले नेपाल र बेलायतका स्रोतहरू र सान्दर्भिक केस स्टडीहरूसँग अन्तरक्रिया गर्ने मौका पाउनेछन्।

## प्रशिक्षक/सहजकर्ता/मार्गनिर्देशकहरू को हुनेछन्?

सत्रहरूको नेतृत्व नेपाल र युकेका साझेदारहरूले गर्नेछन्। सिकाईको प्राथमिक भाषा अंग्रेजी र नेपाली हुन्छन्। सिकाइ अनुभव राम्रो पार्न, यी दुई भाषा मध्ये कुनै एकको तपाईंको प्रवीणता बुझ्न हामीलाई मद्दत गर्न कृपया फारम भर्दा यसको उल्लेख गर्नुहोला।

## मार्ग निर्देशनमा के - के समावेश हुन्छ?

हाम्रो प्रशिक्षण सहभागी व्यक्ति वा टोलीहरूको आवश्यकता अनुसार अघि बढ्छ। हाम्रो निकट र विस्तृत क्षेत्रगत संजालहरूले सहभागीहरूको आवश्यकताहरूको विस्तृत दायरा पूरा गर्न सक्छन्। प्रभावकारी नतिजाका लागि हामी प्रत्यक्ष अनुभव भएका विशेषज्ञलाई सहभागी र अनुदान विजयीहरूसँग जोड्छौं। मार्गनिर्देशनले दुई-तर्फी वार्तालाप मार्फत संरचित शिक्षालाई सघाउँछ जसले सहभागीहरूलाई उनीहरूको व्यक्तिगत आवश्यकताहरू सम्बोधन गर्न मद्दत गर्न सक्छ। दुई प्रकारका प्रशिक्षण विधिहरु समावेश छन्। पहिलोमा एक जना प्रशिक्षक सँग एकजना सहभागी हुनेछन्, जहाँ व्यक्ति/टोलीहरूले आफुले रोजेका सहजकर्ता/साझेदारसँग परामर्श लिन सक्छन्। दोस्रोमा सामूहिक परामर्श शुनेछ, जहाँ धेरै सहभागीहरुका लागि सान्दर्भिक हुने कुनै विशेष र साझा विषय एक जना विशेषज्ञसँग छलफल गर्नका लागि छनोट गरिन्छ। दुवै तरिकामा, सहभागीहरूले एकजना अनुभवी क्षेत्र विशेषज्ञसँग संलग्न रहने अवसर पाउनेछन्।

## चयन गरिएका सहभागीहरूबाट अपेक्षित समय प्रतिबद्धता कस्तो छ ?

सहभागीहरूले कार्यक्रमबाट पूर्ण लाभ उठाउन महिनामा कम्तिमा पाँच वा त्यो भन्दा बढी दिन दिनु पर्ने हुन्छ। हाम्रा सत्रहरू रमाइलो तरिकाले डिजिटल सिकाइहरु सिक्ने हेतुले निर्माण गरिएका छन् र कुनै पेशामा आबद्ध व्यक्तिहरू र/वा विद्यार्थीहरूका लागि बोझिलो महसुस नहुने तरिकाले निर्माण गरिएका छन्। कार्यक्रमको सुरुमा सबै सहभागीहरूलाई सत्रमा मितिहरू बताइनेछ। उनीहरूले आत्म-निर्देशित सिकाइ र असाइनमेन्टहरूको लागि आवश्यक समय पनि छुट्याउनु पर्ने हुन्छ।

## सहभागीहरूले इन आवर ह्यान्ड्सबाट कसरी शैक्षिक क्रेडिटहरू प्राप्त गर्नेछन्?

तपाईंले सत्रहरूमा भाग लिनुभएको छ र प्रत्येक चरण-बद्ध मूल्याङ्कनको लागि राम्रोसँग असाइनमेन्टहरू पूरा गर्नुभएको छ भने तपाईंले पहिलो चरणको अन्त्यमा प्रमाणपत्रको लागि आवेदन दिन सक्नुहुन्छ ; वा दोश्रो चरणको अन्त्यमा ३ क्रेडिटका लागि र कार्यक्रमको अन्त्यमा ६ क्रेडिटका लागि आवेदन दिन सक्नुहुन्छ । शैक्षिक मान्यता काठमाडौं विश्वविद्यालयले प्रदान गर्नेछ।

## कलमा उल्लेख गरिएका अनुदान/शोकेस अवसरहरू के के हुन्?

विकास अनुदानका लागि छनोट गरिएका सहभागीहरूलाई कार्यक्रम मार्फत उनीहरूको उत्पादनलाई बढावा दिन प्रदर्शनी र अन्य सार्वजनिक संलग्नता कार्यक्रमहरूमा भाग लिने अवसरहरू प्रदान गरिनेछ। यो आफ्नो क्षेत्रका प्रमुख व्यक्तिहरू, पेशेवरहरू र सरोकारवालाहरूसँग भेट्ने र जोडिने अवसर हुनेछ ।

## केइन आवर ह्यान्ड्स कार्यक्रमका बारेमा आयोजकहरूबाट थप जानकारी पाउनका लागि अरु अवसरहरु छन् ?

छ। हामी शुक्रबार, १ भाद्र (३ :00 - ४ :00 बजे दिउँसो) एउटा अभिमुखीकरण वेबिनार आयोजना गर्दैछौं।

यो फारम भरेर वेबिनारको लागि दर्ता गर्नुहोस

## तपाईंहरुले विगतमा कस्ता परियोजनाहरूलाई सहयोग गर्नुभएको छ?

कार्यक्रमको पछिल्ला दुई सँस्करणमा हामीले काम गरेका परियोजनाहरूको प्रकारहरूका बारेमा बुझ्न कृपया हाम्रो विगतको अनुदान पृष्ठ हेर्नुहोस् । हामी विचार र नवीनता जो कोहीबाट, कहीं पनि र कुनै पनि क्षेत्रबाट आउन सक्छ भन्ने विश्वास गर्छौं।

हामी मुख्यतया नेपालको समावेशी र दिगो विकासमा योगदान पुर्याउने उद्यमहरू विकास गर्न गहिरो रुचि राख्ने आवेदकहरू खोजिरहेका छौं।

विगतका अनुदान विजेताहरू - २०२१

विगतका अनुदान विजेताहरू - २०२२

## कसले आवेदन दिन सक्छ?

१९ वर्षभन्दा माथिका जो कोहीले आवेदन दिन सक्छन्। व्यक्ति, समुह, परियोजना वा संगठनले आवेदन दिन सक्छन्। यद्यपि हामी क्राफ्ट टुलकिटमा तपाईंको व्यापार योजनामा काम गर्न कुनै एक व्यक्तिलाई नियुक्त गर्न सिफारिस गर्छौं। भर्चुअल सत्रहरूमा समूहका धेरै सदस्यले भाग लिन सक्छन्, भौतिक गतिविधिहरूको

लागि हामी प्रत्येक सहभागीलाई सीमित स्थानहरू मात्र प्रदान गर्न सक्षम हुनेछौं। तपाईं योग्य हुनका लागि नेपालमा र/वा नेपालमा आधारित भएर काम गरिरहेको हुनुपर्छ। कृपया सबै योग्यता मापदण्डहरू राम्ररी हेर्नुहोला गर्नुहोला।

[यहाँ आवेदन दिनुहोस्](#)

## मैले आवेदनमा के कस्ता जानकारीहरु प्रदान गर्नु पर्ने हुन्छ?

तपाईंले नाम, ठेगाना, सम्पर्क नम्बर र व्यावसायिक सम्बद्धता जस्ता आधारभूत व्यक्तिगत जानकारी दिनु पर्ने हुन्छ। कार्यक्रममा आवेदन दिने तपाईंको उद्देश्य र सान्दर्भिक अनुभवका बारेमा तपाईंलाई संक्षेपमा लेख्नु भनेर सोधिनेछ। तपाईंलाई आवेदन दिनको लागि व्यापार योजना आवश्यक पर्दैन। यद्यपि, फारममा तपाईंको विचार / महत्वाकांक्षा उल्लेख गर्ने विकल्प भने हुनेछ।

## सीमान्तकृत युवा वा समुदाय भन्नाले के बुझिन्छ ?

हामी नेपाल सरकारको परिभाषा प्रयोग गर्छौं:

सीमान्तकृत युवा वा समुदाय भन्नाले दुर्गमता, जात, भाषा, सँस्कृति, क्षेत्र, वर्ग, र लैङ्गिकताका आधारमा राष्ट्रिय तथा गैरसरकारी सुविधा र सेवाबाट वञ्चित भएका, सीमान्तकृत तथा राष्ट्रिय मूलधारमा आउन नसकेका अन्य युवालाई बुझ्नु पर्छ ।

## मूल्याङ्कन मापदण्ड के हुनेछन्?

मूल्याङ्कन मापदण्ड र मूल्याङ्कन प्रक्रिया आह्वान पृष्ठमा विस्तृत रुपमा राखिएका छन्। नेपाल र बेलायतका विज्ञहरूको टोलीले आवेदनहरूको समीक्षा गर्नेछन्। निर्णायक मण्डलको निर्णय तपाईंले आफ्नो आवेदनमा उपलब्ध गराउनुभएको जानकारीमा आधारित हुनेछ।

## के म फारम डाउनलोड गरेर इमेल मार्फत पेश गर्न सक्छु?

सक्नुहुन्छ। फारमको अफलाइन संस्करण पनि छ, जुन डाउनलोड गरी arts@britishcouncil.org.np मा इमेल मार्फत पेश गर्न सकिन्छ।

[आवेदन फारम यहाँ उपलब्ध छ](#)

## के तपाईं मलाई मेरो आवेदन फारम भर्न मद्दत गर्न सक्नुहुन्छ?

हामी आवेदन प्रक्रियालाई सकेसम्म समावेशी र पहुँचयोग्य बनाउन प्रतिबद्ध छौं। यदि तपाईंसँग प्रश्नहरू छन् वा तपाईंको आवेदनको लागि सहयोग चाहिएको छ भने, कृपया arts@britishcouncil.org.np मा इमेल गर्नुहोस् र हामी मद्दत गर्ने प्रयास गर्नेछौं। फोन मार्फत कला टोलीलाई सम्पर्क गर्न 01 423 7700 मा फोन गर्न सक्नुहुन्छ।

कृपया ध्यान दिनुहोला, तपाईंले हाम्रो डिजिटल फारम वा प्रिन्ट  गरिएको अफलाइन प्रतिलिपि मार्फत आफ्नो आवेदन पेश गर्न सक्नुहुन्छ। फारम नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध छ।

## के आवेदन फारम र आवेदन गाइड नेपालीमा उपलब्ध छ?

सबै फारमहरू, कागजातहरू र आह्वान पृष्ठ नेपालीमा उपलब्ध छन्, कृपया थप जानकारीका लागि आह्वान पृष्ठ हेर्नुहोला।

## के कार्यक्रममा भाग लिनको लागि कुनै शुल्क लाग्छ?

लाग्दैन। कार्यक्रममा भाग लिनको लागि आवेदन दिन वा (यदि चयन हुनुभयो  भने) कुनै शुल्क लाग्दैन। सहभागिता  नितान्त  रुपमा  इन  आवर  ह्यान्ड्स  कार्यक्रमका  लागि आवेदन र चयन प्रक्रिया मार्फत गरिनेछ  ।

## तपाईंले मेरो व्यक्तिगत जानकारी कसरी प्रयोग गर्नुहुनेछ?

आवेदकहरूको व्यक्तिगत जानकारी नेपाल र बेलायतका साझेदारहरूद्वारा आवेदन प्रशोधन गर्न र चयन गरिएका सहभागीहरूको परिचय  दिनका लागि मात्र प्रयोग गरिनेछ।

## बौद्धिक सम्पत्तिको कसको हुन्छ? यदि हामीले इन आवर ह्यान्ड्स कार्यक्रममा भाग लियौँ भने मेरो/हाम्रा विचारहरूको स्वामित्व कसको हुन्छ?

बौद्धिक सम्पत्ति कार्यक्रममा सहभागीहरूसँग रहन्छ, र उनीहरूले आफ्नो बौद्धिक सम्पत्ति आयोजक वा साझेदारहरूलाई  दिन, स्थानान्तरण गर्न  वा  तोक्न आवश्यक पर्दैन। अरूसँग काम गर्ने  आवेदकहरुले ( जस्तै संघ, संस्थाहरू र समुदायहरू) इन  आवर  ह्यान्ड्स  कार्यक्रममा सामेल हुनु अघि उनीहरूको बौद्धिक सम्पत्ति सम्बन्धी आवश्यक अनुमतिहरू लिनुपर्ने  हुन्छ। हामी यस कार्यक्रमको लागि विश्व बौद्धिक सम्पत्ति संगठनले परम्परागत ज्ञानलाई  प्रदान  गरेको  संरक्षणको पालना गर्नेछौं।

त्यसै गरी, कार्यक्रममा सहभागि कसैमा पनि कार्यक्रम साझेदारहरू, आयोजकहरू र दाताहरू, वा आफु सँग सहभागीहरू सम्बन्धित कुनै पनि बौद्धिक सम्पत्ति प्रयोग गर्ने अधिकार हुँदैन।